नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय पर्वत
कुश्मा,पर्वत

प.सं. ०८३/८४
च.नं.

मिति : २०८३/०४/१५ गते
ने.सं ११४६ शुक्रबार

**बिषय :- डाँक ढुवानी सम्बन्धी प्रस्ताव आह्वानको सूचना।**

जिल्ला हुलाक कार्यालय पर्वत अन्तर्गतका तपशिलको डाँकरेखाहरुमा आ.व. २०८३।०८४ को लागि देहाय बमोजिमको बार्षिक रकममा नबढ्ने गरी घटीघटाउको माध्यमबाट दैनिक रुपमा हुलाक बस्तु ढुवानी गराउनु पर्ने भएकोले डाँक ढुवानी गर्न इच्छुक यातायात प्रा.लि.हरुले देहायको शर्तहरुको पुर्ण परिपालना गर्ने गरी निम्न कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

तपशिल

| सि.नं | हुलाक बस्तु ढुवानी गर्नुपर्ने डाँक रेखाहरु | अधिकतम बार्षिक रकम | प्रस्ताव दर्ता हुने कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | कुश्मा – फलेवास - विहादी –पैयूँ | ७०,००० | जिल्ला हुलाक कार्यालय पर्वत | अधिकतम बार्षिक रकमबाटनै कानुन बमोजिम लाग्ने कर कट्टी गरिनेछ। |

शर्तहरु

१.डाँक ढुवानी गर्ने रुटमा संझौता गर्ने यातायत प्रा.लि को दैनिक सवारी साधन (आउने जाने गरी ) संचालन भएको हुनुपर्ने।
२.प्रस्ताव पेश गर्ने यातायात प्रा.लि. को दर्ता प्रमाणपत्रको प्रतिलिपी, जुन डाँक रेखामा प्रस्तावपेश गर्ने हो सो रुटको रुट प्रमिट,आ.व. २०८१/८२ को लेखा परीक्षण र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी तथा म्याद कायम रहेको ब्लुबुकको प्रतिलिपी।
३. सम्बन्धित कागजातसहित तोकिएको मितिभित्र प्रस्ताव पेश गर्नुपर्ने छ।
४. रीत नपुगी र प्रस्ताव पेश गर्ने म्याद नाघी पेश हुन आएको प्रस्ताव उपर कारबाही हुने छैन।
५. प्रस्ताव स्वीकृत भएपश्चात सम्झौता गरी काम सुरु गरिने छ। प्रस्ताव स्वीकृत गर्ने/नगर्ने अधिकार यस कार्यालयलाई हुनेछ।
६. सम्बन्धित हुलाक कार्यालयमा डाँक लिन र पुर्याउन सम्बन्धित यातायात प्रा.लि आफैं जानुपर्ने छ।
७. डाँक ल्याउने र लैजाने सवारी साधनमा सुरक्षित र व्यवस्थित ढंगले हुलाक वस्तु ढुवानी गर्नुपर्ने छ।
८. नियमित रुपमा सवारी साधन सञ्चालन हुन नसकेको अवस्थामासमेत स्थानीय प्रशासनको सहकार्यमा डाँक ढुवानी गर्नुपर्ने छ।
९. प्रस्तावहरु २०८३/०५।०१ गते दिनको ११ बजे खोल्ने भएकोले सो समयमा प्रस्ताव पेश गर्ने प्रा.लिको सकेसम्म आधिकारिक प्रतिनिधिको उपस्थितिमा खोलिने छ तर प्रतिनिधि उपस्थित नभएको खण्डमा नियमित प्रक्रिया पुर्याई प्रस्ताव खोल्न यस कार्यलयलाई कुनै बाधा पर्नेछैन।
१० पेश हुन आएका प्रस्तावमध्ये न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावक सँग सम्झौता गरिनेछ।

टिका बहादुर गोदार
हुलाक अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"
Email:- info.parbatpost@gmail.com, फोन नं. ०६७-४२०१०८